## मिति २०८०/०९/१[illegible] गतेको कार्य पालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- ११२

## बैठकका प्रस्तावहरु

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. छाडाचौपाया व्यवस्थापन सम्वन्धमा।

३. समसामायिक विविध।

**निर्णयहरु**

२ मिति २०८०/०९/०८ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।

३ यस नगरपालिकाबाट छाडा चौपाया व्यवस्थापनको लागि मिति २०८०/०८/२२ गते प्रकाशित सुचना र पुन मिति २०८०/०८/२७ गते प्रकाशित सुचना बमोजिम यस कार्यालयमा रितपूर्वक आएका प्रस्तावनाहरु मध्ये सवै भन्दा न्यूतनम मूल्य रु ५०००।- (पाँच हजार मात्र) प्रति ट्र्याकट्ररमा (दुवानी खर्च सहित) प्रस्तावक सँग खरिद गर्ने निर्णय गरियो।

**समसामायिक विविध।**

१. यस कार्यालयलाई प्राप्त संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्त्व विभागको मिति २०८०/०९/०१ च.नं.६३१ पत्रानुसार यस नगरपालिकामा रहेका छाडा चौपायाहरुलाई उक्त जग्गाको ऐतिहासिक र पुरातात्विक महत्वको स्थलमा जमिनको सतहमुनि रहेका संरचनाहरु नास नहुने गरि अस्थायी प्रयोजनको लागि प्रयोग गर्ने निर्णय गरियो।

२. यस नगरपालिकावाट सेवा करार भर्ना गर्दा पदपूर्ति समितिको सेवा सुविधा प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुने।

३. कपिलवस्तु नगरपालिकाको वडा नं १२ मा छाडा पशु चौपाया व्यवस्थापनका लागि वडा कार्यालयबाट भएको निर्णय अनुसार ३ (तिन) जना हेरालुहरुलाई ४५ (पैतालिस) कार्यदिन काममा लगाईएको रकम चालु आ.व. २०८०।०८१ छाडा चौपाया व्यवस्थापन कार्यक्रम तर्फ बजेट खर्च शिर्षक २२५२२ बाट रु ६७५००।- भूक्तानि गर्ने।

४. कपिलवस्तु नगरपालिकाको २०७९।०८० मा भूक्तानि दिन बाँकी रहेको विवरण अनुसार कपिलवस्तु महोत्सव संचालन वापत भूक्तानिका लागि उप प्रमुख ज्यूबाट कार्यपालिका बैठक नबसुन्जेल निकासा रोक्का राखिएको व्यहोरा कार्यपालिका समक्ष पेश हुँदा विनियोजित रकम निर्णायानुसार भूक्तानि गर्ने।

५. कपिलवस्तु नगरपालिका क्षेत्र बस्ने विपन्न नागरिक लाई औषधी उपचार गराउने सम्बन्धि कार्यविधि,२०७८अनुसार मृगौला प्रत्यारोपण गरेका/डायलाइसिस गराइरहेका/क्यान्सर रोगीहरु लाई औषधी उपचार वापतको रकम संघीय सरकारबाट सोधभर्ना हुने गरि सम्बन्धित वडाको

सिफारिस समेतको आधारमा ४९ जनालाई पहिलो त्रैमासिक वापत रु ६,६०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

६. देहायका योजनाहरुको चालु आ.व.मा DPR गर्ने निर्णय गरियो ।

१ रामघाट धाम क.व.न.पा.०३

२ रामघाट पार्क क.व.न.पा.०३

३ जगदिशपुर वनवाटिका क.व.न.पा.०९

४ वडा कार्यालयको भवन निर्माण वडा नं. ०६ र ०७

५ रगंशाला (वुद्दपद्म मा.वि.)

६ बजार सुन्दरीकरण

७ गोबरी ताल डंगेर ताल र दोहनी ताल

सुदिप पौडेल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत